# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

[ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन,२०७९ द्वारा स्थापित ]

## प्रदेश नं १, कलवलगुरी, झापा


पत्र संख्या:

चलानी नं:

मितिः २०७९/०९/०३

## लिलाम विक्री सम्बन्धी डाँक बढाबढको सूचना

### प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७९।०९।०३

यस कार्यालयको मिति २०७९।०७।२७ गतेको निर्णयानुसार यस कार्यालयका तपसिल बमोजिमका जिन्सी सामग्रीहरु लिलाम बढाबढबाट विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलको शर्तहरुको अधिनमा रही लिलाम बढाबढमा भाग लिन यो २१ (एककाइस) दिने सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१. उल्लेखित काठहरुको लिलाम बढाबढमा भाग लिन इच्छुक व्यक्ति, फर्म तथा संस्थाले लिलाममा भाग लिन पाउँ भनि रु. १०।० को टिकट टाँसी यो सूचना प्रकाशन भएको मितिले २१ औं दिनको अपरान्ह १:०० वजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउनु पर्नेछ । उक्त लिलाम बढाबढ कार्य सो दिनको अपरान्ह २:०० वजे देखि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापामा हुनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट सोहि समयमा उक्त कार्यहरु हुनेछन ।

२. डाँक बढाबढमा सहभागी हुन इच्छुक व्यक्तिले निवेदनसाथ नेपाली नागरिकता प्रमाणपत्रको छायाँकपि तथा फर्म वा संस्थाको हकमा फर्म वा संस्थाले व्यक्ति तोकेको आधिकारिक पत्रसाथ फर्म वा संस्था दर्ता प्रमाणपत्रको छाँयाकपि, कर चुक्ता प्रमाणपत्रको छाँयाकपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ । सूचना बमोजिम लिलाम गरिने सामानहरु हेर्ने वा अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी फाँटमा सम्पर्क गर्नुपर्नेछ ।

३. उल्लेखित सामानको न्यूनतम मूल्य मु.अ.कर बाहेक रु. ४८६१६/०० (अक्षरेपी छयालिस हजार छ सय सोह्र रुपैया मात्र) बाट डाँक बढाबढ शुरु हुने भएकोले उक्त मूल्यको ५ प्रतिशतले हुने रकम डाँक बढाबढ शुरु हुन अगावै नगदै धरौटी राख्नु पर्नेछ र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप हुँदै जानेछ । लिलाम रकम कवोल गर्दा सबै सामानको एकमुष्ट रकम कबोल गर्नुपर्नेछ ।

४. लिलाम विक्रीमा भाग लिई सबैभन्दा बढी रकम कवोल गर्ने व्यक्ति, फर्म वा संस्थाले आफुले कवोल गरेको रकम र सोको १३ प्रतिशत मु. अ. कर समेत डाँक बढाबढ स्वीकार गरेको तीन दिन भित्र कार्यालयमा जम्मा गरी उल्लेखित जिन्सी सामग्रीहरु जे जस्तो अवस्थामा छन्, सोहि अवस्थामा ७ दिन भित्रमा उठाई लगी सक्नुपर्नेछ । कवोल रकम तोकिएको समय भित्र नबुझाएमा धरौटी वापतको रकम जफत गरी कार्यालयको निर्णय बमोजिम दोश्रो बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा संस्थाबाट भ्याट सहित रकम बुझिलिई लिलामका सामग्रीहरु उपलब्ध गराइने छ ।

५. लिलाम मार्फत विक्री भएको मालसमानहरुलाइ जस्तो अवस्थामा छ, सोहि अवस्थामा प्रयोग गर्नुपर्नेछ । सकार गरिएको सामानहरुको नियमानुसार कर तिर्नुपर्ने भएमा सकारकर्ता आफैले तिर्नु/बुझाउनु पर्नेछ ।

६. लिलाम स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

शाखा अधिकृत (अधिकृत सातौं)


Website: pcgg.p1.gov.np
Email: provincetraining1@gmail.com

फोनः ०२३ ४५५०७८
०२३ ४५५१०८

७. यस सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, नियमावली, २०७७ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

८. लिलाम हुने काठको सूची तपसिल बमोजिम कायम रहेको छ ।

तपसिल :

| सि.नं | जात | लम्वाई (फिट) | गोलाई (इञ्च) | थान | लिलामको न्युनतम रकम रु. |
|---|---|---|---|---|---|
| १ | टिक | ८ | ४० | | |
| २ | टिक | ८ | ३४ | | |
| ३ | टिक | ८ | ३० | | |
| ४ | टिक | ७ | ३४ | | |
| ५ | टिक | ७ | ३१ | | |
| ६ | टिक | ५ | ३२ | | |
| ७ | टिक | ७ | ३० | | |
| ८ | टिक | ७ | ३१ | | |
| ९ | टिक | ५ | ४२ | | |
| १० | टिक | ६ | ३३ | | |
| ११ | टिक | ६ | ३५ | | |
| १२ | टिक | ६ | ३० | | |
| १३ | टिक | ७ | ३३ | | |
| १४ | टिक | ४ | ३५ | | |
| १५ | टिक | ७ | ३२ | | |

शाखा अधिकृत
(अधिकृत सातौं)

Website: pcgg.p1.gov.np
Email: provincetraining1@gmail.com
फोन: ०२३ ४५५०७८
०२३ ४५५१०८